# दोभाषेको सहयोग

बैंकका कर्मचारीसँग अंग्रेजीमा कुराकानी गर्न कठिनाइ छ? के कसैसँग तपाईको आफ्नै भाषामा कुरा गर्न तपाईलाई सजिलो हुन्छ?

हाम्रो बैंकमा हामीसँग तपाईले बोलेको कुराहरूलाई बुझ्ने भाषामा अनुबाद गर्न मद्दत चाहिने कुनै पनि ग्राहकका लागि निःशुल्क दोभाषे सेवा उपलब्ध छ।

## दोभाषेको हुन सक्छ?

निम्न ब्यक्तिहरू दोभाषे हुन सक्छः

- तपाईको भाषा बोल्न सक्ने कमनवेल्थ बैंकका कर्मचारी
- अनुवाद तथा दोभाषे सेवा (Translating and Interpreter Service (TIS)) मा काम गर्ने व्यक्ति।

कहिलेकाहीँ तपाईका साथी, परिवारका सदस्य वा सहायता कार्यकर्ताले तपाईका लागि अनुवाद गर्न सक्छन्। उनीहरू 18 वर्षमाथिका उमेरको हुनुपर्छ।

## यो कसरी चल्छ?

बैंकका कर्मचारीले कुरा गर्न वा फोन गर्नका लागि तपाईलाई कुनै निजी कोठामा लग्नेछन्। तपाईले हामीले भनेको कुरा बुझेको र हामीले तपाईको कुरा बुझेको निश्चित गर्नका लागि चाहिएको समयसम्म दोभाषेको प्रयोग गर्नेछौ।

## दोभाषेको प्रयोग गर्नु किन महत्वपूर्ण हुन्छ?

दोभाषेहरूले तपाईले कुनै नयाँ सेवाहरूका लागि सहमति जनाउनुअघि त्यसका शर्त, जोखिम तथा लाभहरू तपाईलाई बुझाउन मद्दत गर्न सक्छन्।

बैंक कर्मचारीले दोभाषेको प्रयोग गर्न तपाईको मञ्जुरी भए नभएको सोध्नेछन्। मञ्जुरीको अर्थ तपाईले हुन्छ भनेको हो।

तपाईले बैंकमा निःशुल्करूपमा दोभाषे प्रयोग गर्न सक्नुहुन्छ। तर अन्य भाषामा लिखित सूचना अनुवाद गराउनका लागि तपाईले शुल्क तिर्नु पर्छ। जस्तै, जानकारी पुस्तिका।